जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २२५ • २०८३ जेठ २२ गते शुक्रवार • 5 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




# जनकपुरधाम उपमहानगरपालिकाद्वारा इन्धन, सवारी साधन मर्मत तथा पदाधिकारीहरूको सेवा-सुविधामा करोडौँ रुपैयाँ खर्च

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ जेठ**

जनकपुरधाम उपमहानगरपालिकाले गत आर्थिक वर्षमा इन्धन, सवारी साधन मर्मत तथा पदाधिकारीहरूको सेवा-सुविधामा करोडौँ रुपैयाँ खर्च गरेको सार्वजनिक भएको छ । महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनले खर्चको आकार मात्र नभई त्यसको व्यवस्थापन र अभिलेखीकरण प्रक्रियामा समेत गम्भीर कमजोरी औँल्याएको छ । महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ मा उपमहानगरपालिकाले इन्धनमा मात्रै ३ करोड ३ लाख ५ हजार २८५ रुपैयाँ खर्च गरेको छ ।



यो रकमलाई दैनिक औसतमा हिसाब गर्दा करिब ८३ हजार रुपैयाँभन्दा बढी हुन आउँछ । स्थानीय तहको नियमित प्रशासनिक तथा विकास गतिविधिका लागि गरिएको भनिएको यो खर्चको पारदर्शिता र मितव्ययितामाथि भने प्रतिवेदनले प्रश्न उठाएको छ । प्रतिवेदनमा इन्धन खर्च सम्बन्धी विवरण पालिकाको विद्युतीय लेखा प्रणाली (पाम्स) मा पूर्ण रूपमा प्रविष्ट नगरिएको उल्लेख छ । साथै, सवारी साधनका लागि इन्धन वितरण गर्दा कार्य सञ्चालन निर्देशिकाले तोकेको मापदण्डसमेत पालना नगरिएको पाइएको छ । उपमहानगरपालिकाले इन्धन खर्चमध्ये १४ लाख ९४ हजार रुपैयाँ पदाधिकारीहरूको प्रयोजनमा र २ करोड ८८ लाख ११ हजार २८५ रुपैयाँ कार्यालय तथा अन्य प्रयोजनमा खर्च गरेको जनाएको छ । निर्देशिका विपरीत इन्धन वितरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको नगरपालिका तथा गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ मा नियमित रूपमा कार्यालय आउने कर्मचारीलाई तोकिएको मापदण्ड अनुसार मात्रै इन्धन सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीले सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक) र चालक अनुमति पत्रको प्रतिलिपि कार्यालयमा बुझाउनुपर्ने प्रावधान पनि रहेको छ । तर, महालेखाको प्रतिवेदनले जनकपुरधाम उपमहानगरपालिकाले यी व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन नगरेको उल्लेख गरेको छ । प्रतिवेदनले इन्धन खर्चलाई थप मितव्ययी र व्यवस्थित बनाउन सुझाव दिएको छ । महालेखाको प्रतिवेदनअनुसार उपमहानगरपालिकासँग विभिन्न प्रकारका दर्जनौँ सवारी साधन तथा मेसिनरी उपकरण रहेका छन् । उपमहानगरसँग २ वटा टाटा सफारी, १ वटा ब्रुमर, १ वटा पिकअप, १ वटा जिप, २ वटा ब्याकुलोडर, ८ वटा टिपर, २१ वटा ट्याक्टर, ४ वटा म्याजिक गाडी, २ वटा पानी ट्यांकी, १ वटा एम्बुलेन्स, ३ वटा बारुणयन्त्र, १ वटा हाईडेक ट्रक, १ वटा हाई प्रेसर सेवर मेसिन, १ वटा सिल्ट क्लिनर, १ वटा डिच क्लिनर, ४ वटा स्कुटर तथा ३१ वटा मोटरसाइकल रहेका छन् ।

यद्यपि, स्थानीय स्रोतका अनुसार यीमध्ये केही सवारी साधन लामो समयदेखि बिग्रिएर प्रयोगविहीन अवस्थामा थन्किएका छन् । यस्तो अवस्थामा पनि इन्धन र मर्मत खर्चको आकार ठूलो देखिनुले खर्चको प्रभावकारितामाथि प्रश्न उठेको छ । उपमहानगरपालिकाले आर्थिक वर्षभरि १ करोड ४८ लाख ६१ हजार रुपैयाँ सवारी साधन तथा उपकरणको मर्मत-सम्भारमा खर्च गरेको छ । तर, महालेखाले मर्मत खर्चको अभिलेख व्यवस्थापनमा समेत कमजोरी फेला पारेको छ । प्रतिवेदनअनुसार मेशिनरी तथा उपकरण मर्मत सम्बन्धी स्थायी अभिलेख राखिएको छैन भने मर्मत कार्यको लगसिटसमेत व्यवस्थित रूपमा तयार गरिएको छैन ।

कतिपय अवस्थामा एउटै सवारी साधन पटकपटक मर्मत गरिएको देखिए पनि त्यसको आवश्यकता र परिणामबारे पर्याप्त विवरण उपलब्ध छैन । त्यसैगरी, मर्मत कार्य सम्पन्न गर्ने सम्बन्धित फर्म वा कम्पनीलाई भुक्तानी दिनुपर्नेमा केही रकम कर्मचारीहरूको नाममा नै भुक्तानी गरिएको तथ्य पनि प्रतिवेदनमा उल्लेख छ । पदाधिकारीको सुविधा खर्च ३ करोडभन्दा बढी महालेखाको प्रतिवेदनले उपमहानगरका जनप्रतिनिधिहरूले सेवा-सुविधा शीर्षकमा बुझेको रकम पनि सार्वजनिक गरेको छ ।

# (रास्वपा) को जनकपुरधाम अधिवेशनमा पार्टीभित्रै विवाद

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ जेठ**



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को जनकपुरधाम उपमहानगरपालिका अधिवेशन पार्टीभित्रै विवादको विषय बनेको छ । पार्टीको अनुशासन आयोगले विवादित स्थानका अधिवेशन स्थगित गर्न निर्देशन दिए पनि जनकपुरधाममा अधिवेशन सम्पन्न गरी नयाँ नेतृत्व चयन गरिएको भन्दै असन्तुष्टि चुलिएको हो ।

रास्वपाको अनुशासन आयोगले जेठ १९ गते जारी गरेको निर्देशनमा विवाद देखिएका विभिन्न पालिकासहित जनकपुरधाम उपमहानगरपालिकाको अधिवेशन समेत स्थगित गर्न भनिएको थियो । तर, सोही दिन उपमहानगर समितिको नेतृत्व चयनका लागि मतदान गराइएको थियो । अधिवेशनमा २१ मत खसेको जनाइएको छ । वडा सभापतिहरूलाई मात्र प्रतिनिधि बनाएर गरिएको मतदानबाट ललन नायक १६ मतसहित सभापतिमा निर्वाचित भएको घोषणा गरिएको थियो । उनका प्रतिस्पर्धी जितेन्द्र महासेठले ५ मत प्राप्त गरेका थिए ।

तर, अधिवेशन प्रक्रिया पार्टी विधानविपरीत रहेको भन्दै महासेठसहित स्थानीय नेता कार्यकर्ताले आपत्ति जनाएका छन् । सभापतिका आकांक्षी महासेठले अधिवेशनका नाममा वडा सभापतिहरूलाई छलफलका लागि बोलाएर एकाएक मतदान गराइएको आरोप लगाए । उनले भने, 'अधिवेशनका लागि आवश्यक सहमति र तयारी नै थिएन । विधि र विधानलाई बेवास्ता गर्दै नेतृत्व चयन गरिएको छ । यसलाई वैधानिक मान्न सकिँदैन ।' रास्वपाको विधानअनुसार पालिका अधिवेशनमा सम्बन्धित पालिका समिति, वडा समितिका सदस्य, सल्लाहकार परिषद्, विभागीय प्रतिनिधि तथा जिल्ला, प्रदेश र केन्द्रीय समितिमा आबद्ध सम्बन्धित क्षेत्रका सदस्यहरू प्रतिनिधि रहने व्यवस्था छ । साथै सदस्य संख्या र समावेशिताको आधारमा थप प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने प्रावधान पनि रहेको छ । तर, जनकपुरधाम उपमहानगरपालिकाको अधिवेशनमा वडा सभापतिहरूलाई मात्र मतदाता बनाइएको भन्दै प्रक्रियामाथि प्रश्न उठेको हो ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबुद्धताको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# दलितलाई पनि समान अधिकार देऔं

*नेपाल निर्माणको इतिहास र समाजलाई जीवन्त राख्न दलित समुदायको योगदान अतुलनीय रहेको देखिन्छ । कपडा सिलाएर समाजलाई सभ्यता दिने, फलाम र तामा पगालेर हतियार र कृषि औजार बनाउने, जुत्ता सिलाएर समाजको गोडालाई सुरक्षा दिने तथा कला र संगीतको माध्यमबाट समाजलाई उत्सव मनाउन सिकाउने शिल्पकारहरू नै यो धर्तीका पहिलो वैज्ञानिक र श्रमिक रहेका हुन् । तर विडम्बना, सिंगो समाजलाई सीप, प्रविधि, कला र श्रम दिने तिनै समग्र दलित समुदायलाई नै यो राज्य र सामाजिक व्यवस्थाले सधैं पिँधमा पारेको देखिन्छ । समाजलाई आधुनिक बनाउने सीप र श्रम चल्ने, तर तिनै मानिसको पानी र रगत नचल्ने यो कस्तो अचम्मको सामाजिक संरचना रहेको देखिन्छ ? नेपालको संविधानको धारा २४ ले छुवाछूत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकको रूपमा ग्यारेन्टी गरेको देखिन्छ । राज्यले जेठ २१ लाई राष्ट्रिय दिवस पनि घोषणा गरे । कानुनी रूपमा हामी संसार कै उत्कृष्ट देशहरूमध्ये एकमा पर्छौं ।*

*तर, ऐनमा लेखिएको न्याय र समाजमा भोगिएको अन्यायबीच एउटा ठूलो खाडल रहेको देखिन्छ । आज पनि सार्वजनिक धारा वा मन्दिर छोएको निहुँमा दलितहरू कुटिनुपर्ने अवस्था रहेको देखिन्छ । अन्तमा: दलित समुदायलाई सधैं 'पीडित, असहाय र दयाको पात्र' को रूपमा मात्र हेरिने भाष्य अब बदलिनु पर्ने आवश्यकता रहेको देखिन्छ । यो समुदाय दया वा सहानुभूति चाहँदैन, केवल संविधानले दिएको समान अधिकार र मानवीय गरिमा मात्र चाहेका छन ।*

# सबैलामा नगर स्तरीय समीक्षा बैठक सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ जेठ**

धनुषाको सबैला नगरपालिकामा "सशक्त बालिका परियोजना" को बार्षिक समीक्षा तथा अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । प्लान इन्टरनेशनल नेपालको साझेदारी र सबैला नगरपालिकाको समन्वयमा जानकी महिला जागरण समाजले संचालन गरिरहेको सशक्त बालिका परियोजना(न्क्क) को वार्षिक समीक्षा तथा अन्तरक्रिया कार्यक्रम गरिएको हो । सो परियोजनाले प्रारम्भिक बाल विकास र संरक्षणको क्षेत्रमा काम गर्दै आएको छ ।



कार्यक्रममा सबैला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर भुजेलले हाल भएको बाल विकास र बालिका संरक्षणको गतिविधिलाई सम्बन्धित शाखाले कार्यपालिका सदस्य तथा वडा समितिसँग मिलेर निरन्तरता दिनुपर्ने तथा अरु वडामा समेत यसको अनुशरण गर्नुपर्ने बताए ।

स्वास्थ्य शाखा संयोजक गुलेश्वर गडेरीले कार्यक्रमले सबैलाको स्वास्थ्य सुचकहरुमा भएको सुधार बारे प्रकाश पारेका थिए । जानकी महिला जागरण समाजका अध्यक्ष मन्दा कुमारी कर्णले नगरपालिकाको सहकार्यमा गरिएको क्रियाकलापहरुको प्रगति सकारात्मक देखिएकोले संरचना विकास भन्दा पनि मानवीय विकासलाई प्राथमिकतामा राख्न आवश्यक रहेको बताइन् । परियोजनको उद्धेश्य तथा हालसम्म संचालन भएको कृयाकलापबारे कार्यक्रम संयोजक निकिता सिंह यादवले प्रस्तुती राखिन् । प्रारम्भिक बाल विकास रणनीति निर्माणको प्रगति र एक वर्षमा परियोजना अन्तर्गत सम्पन्न कृयाकलाप र त्यस क्रममा भएको खर्चको विवरण प्रस्तुत गरिन् । छलफलको क्रममा गर्भवतिको नियमित जाँच, पोषणयुक्त खाना बनाइ खाने अभ्यासको बृद्धि, बालबालिकाको स्याहारमा पुरुषको सहभागिता बढेको र हालको पूर्ण पोषण अभियानको क्रममा पोषण अवस्थामा धेरै सुधार देखिएको र केहि बालबालिका मात्र कुपोषित भएको पाइएको स्वास्थ्यकर्मीहरुले बताए ।

बालिका संरक्षणको सवालमा किशोरी समूहहरु सचेत भएको र हिंसा तथा र्दुव्यवहार भएको खण्डमा अभिभावक वा निशुल्क नम्वरहरुमा उजुरी दिने गरेका छन् । सबैलाको वडा नं १२ को खयरबोना टोललाई सो परियोजना अन्तर्गत बालविवाह मुक्त टोल घोषणा गर्न सफल भएको जानकी महिला जागरण समाजका खगेन्द्र दाहालले बताए । समीक्षा तथा अन्तरक्रिया कार्यक्रममा सबैला नगर पालिकाको कार्यपालिका सदस्यहरु, पालिकाका विषयगत शाखा प्रमुखहरु र जानकी महिला जागरण समाजका परियोजनामा आवद्ध कर्मचारी, पदाधिकारी, स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो ।

# भायानेटको वाईफाई छ इन्टरनेट र भायाटिभी सँगै अब स्टेडियम घरमै

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २१ जेठ**

नेपालको अग्रणीइन्टरनेट तथा टेलिभिजन सेवा प्रदायक भायानेट कम्युनिकेसन्सले ग्राहकहरूका लागि नवीनतम वाईफाई ६प्रविधि सहितको २५० एमबिपिएस इन्टरनेट प्याकेजरु. १३,८०० प्रतिवर्ष, कर सहितमा उपलब्ध गराउँदै आएकोछ ।




यसअफर अन्तर्गत रु.२,८२५पर्ने वाईफाई ६ओएनयू जडान शुल्कन लाग्ने र केवल रु.१,००० डिपोजिट मात्र लाग्नेछ । यो प्याकेजछिटो, भरपर्दो र आधुनिक इन्टरनेट अनुभव चाहने ग्राहकहरूका लागि उपयुक्त छ । ग्राहकहरूले यस प्याकेज सँगै भायाटिभी मात्र रु. २५० प्रतिमहिना, कर सहितमा थप गर्नसक्ने छन्। भायाटिभीमा२०० भन्दा बढी च्यानल, प्रत्यक्षटिभी रोक्ने र फेरि चलाउने सुविधा, कार्यक्रम तालिका, चलचित्र, सिरिज लगायतका मनोरञ्जन सुविधा उपलब्धछन् ।साथै, वार्षिक प्याकेज लिने ग्राहकहरूले पहिलो सेट-टप-बक्सका लागि रु. २,२६०पर्ने सक्रिय शुल्क नलाग्ने सुविधा पाउनेछन्। सेट-टप-बक्सका लागि केवलरु. १,००० डिपोजिट मात्र लाग्नेछ । ग्राहकहरूलाई थप फाइदा दिन भायानेटले डामीएप सँग पनि सहकार्यगरेको छ ।

यस अफर अन्तर्गत वार्षिक प्याकेज नवीकरण गर्ने ग्राहकहरूले रु. १,५०० बराबरको १वर्षको डामीएप सदस्यता नि:शुल्क पाउनसक्ने छन्। डामीएप मार्फत ग्राहकहरूले रेस्टुरेन्ट, कपडा पसल, सैलुन, खुद्रा पसल लगायत विभिन्न ठाउँमा आकर्षक छुटपाउन सक्नेछन् । योसुविधा हाल काठमाडौं, पोखरा र चितवनका ग्राहकहरूका लागि मात्र लागू हुनेछ । भायानेटको उच्च गतिको वाईफाई ६ इन्टरनेट, भायाटिभीको मनोरञ्जन सुविधा र डामीएपको बचत सुविधा सँगै ग्राहकहरूले घरमै राम्रो मनोरञ्जन र बाहिर किनमेल तथा सेवामा थप बचतको लाभ लिनसक्नेछन्। भायानेटको यस सिजनको सन्देशहो – "अब स्टेडियम घरमै, मनोरञ्जन अब घरमै।" यसैबीच, भायाटिभी ग्राहकहरूले फुटबल विश्वकप २०२६ हेर्न आवश्यक कुपन पनि भायानेट मार्फत खरिदगर्न सक्नेछन्। फुटबल विश्वकप २०२६को नेपाल मा प्रसारण गर्ने अधिकार हिमालयटिभी सँग रहेकोछ । हिमालयटिभीले तोकेको दर अनुसार ग्राहकहरूले रु. ९९९प्रतिटिभीमा कुपन खरिदगरी भायाटिभी मार्फत हिमालय स्पोर्ट्स च्यानलमा खेलहरू प्रत्यक्ष हेर्न सक्नेछन् । ग्राहकहरूले ईसेवा, खल्ती, फोनपे, कनेक्ट आइपिएस लगायतका अनलाइन भुक्तानी एपमा "भायानेट खोजेर आफ्नो भायानेट ग्राहक आईडी राखी कुपन खरिद गर्नसक्नेछन्। साथै, भाया टिभी माहिमालय स्पोर्ट्स च्यानल खोल्दा देखि नेक्युआरकोड स्क्यान गरेर पनि कुपन खरिद गर्न सकिनेछ । भुक्तानी पूरा भएपछि ग्राहकहरूले भायाटिभीमा हिमालय स्पोर्ट्स च्यानल खोली, खरिद गरिएको कुपन छानेर च्यानल सक्रिय गर्न सक्नेछन् ।

एउटा कुपन एउटा टिभीमा मात्र प्रयोग गर्न सकिनेछ । एकपटक कुनैटिभीमा सक्रिय गरिसकेपछि उक्त कुपन अर्को टिभीमा सार्न मिल्ने छैन। ग्राहकहरूले नजिकको भायानेट आउटलेटमा गएर पनि कुपन खरिद गर्नसक्नेछन् ।

## तपाईंको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: अशुभ समाचार प्राप्त हुने
मिथून: अनावश्यक खर्चको संभावना
कर्कट: लामो यात्राको योग छ
सिंह: पिछडेको साथी मिल्न
कन्या: विचार गरेर बोल्नुहोला
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: आम्दानी हुने
कूम्भ: खानपानमा समस्या आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने



## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८
श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# रोकिएको सम्पत्ति फुकुवा गर्ने अडानले अमेरिका-इरान वार्ता जटिल मोडमा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ जेठ



संयुक्त राज्य अमेरिका र इरानबिच जारी कूटनीतिक वार्ता इरानले प्रारम्भिक चरणमै आफ्नो रोक्का रहेको सम्पत्ति (फ्रोजन एसेट्स) फुकुवा गर्नुपर्ने अडान लिएपछि जटिल मोडमा पुगेको छ।

'द जेरुसेलम पोस्ट' का अनुसार इरानले अरबौं डलर बराबरको रोकिएको सम्पत्तिमध्ये नगद रकम सम्झौताको पहिलो चरणमै उपलब्ध गराउनुपर्ने माग राखेको छ । अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूले सहमति खोज्ने प्रयास गरे पनि पछिल्ला दिनहरूमा यसमा कुनै उल्लेखनीय प्रगति हुन सकेको छैन। इरानी वार्ताकारहरूले कुनै ठोस कदम चाल्नुअघि नै पहिलो चरणमा रकम फुकुवा हुनुपर्ने अडान कायम राखेका छन् भने वाशिङ्टनले आणविक कार्यक्रम र होर्मुज जलमार्ग सम्बन्धी महत्त्वपूर्ण प्रगतिबिना कुनै आर्थिक सहुलियत नदिने स्पष्ट पारेको छ । यद्यपि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानसँगको वार्ता सकारात्मक दिशामा अघि बढिरहेको दाबी गरेका छन्। ह्वाइट हाउसमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले निकट भविष्यमा सहमति सम्भव रहेको बताए। ट्रम्पले इरानको समृद्ध युरेनियम भण्डारलाई अमेरिकाले आफ्नो नियन्त्रणमा लिन चाहेको पनि दोहोऱ्याए, जसलाई सुरक्षित रूपमा व्यवस्थापन गर्न सक्ने क्षमता अमेरिका र चीनसँग मात्र रहेको उनको दाबी छ। यसैबिच क्षेत्रीय सुरक्षा अवस्था भने थप तनावपूर्ण बनेको छ । कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा भएको घातक आक्रमणमा एक जनाको मृत्यु भएको छ भने ६३ जना घाइते भएका छन् । गत अप्रिल ८ मा लागू भएको युद्धविरामपछि खाडी क्षेत्रमा भएको यो नै पहिलो घातक घटना हो । भारतको विदेश मन्त्रालयले मृतक नागरिक भारतीय रहेको पुष्टि गर्दै नागरिक पूर्वाधारमाथिको आक्रमणको निन्दा गरेको छ। कुवेती रक्षा मन्त्रालयका प्रवक्ता साउद अब्दुलअजिज अल-अतवानका अनुसार ३० वटा ब्यालिस्टिक मिसाइल र ड्रोन प्रयोग गरी उक्त आक्रमण गरिएको थियो, जसबाट विमानस्थल भवनमा ठूलो भौतिक क्षति पुगेको छ।

# तेस्रो पटक विवाह बन्धनमा बाँधिँदै आमिर खान

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ जेठ



अभिनेता आमिर खान र उनकी प्रेमिका गौरी स्प्राट चाँडै नै विवाह बन्धनमा बाँधिने भएका छन् । हिन्दुस्तान टाइम्सको रिपोर्टलाई उद्धृत गर्दै सञ्चारमाध्यमहरूले जनाए अनुसार उनीहरू यसै वर्षको जुलाई ५ मा एउटा निजी समारोहबिच विवाह गर्दै छन् ।

यो विवाहमा कुनै ठूलो तामझाम वा भव्य रिसेप्सन पार्टीको आयोजना गरिने छैन। दुवैले एउटा सानो साइनिङ सेरेमनीमार्फत आफ्नो सम्बन्धलाई कानुनी रूपमा औपचारिकता दिने तयारी गरेका छन्। आमिर खानले सन् २०२५ मा आफ्नो ६० औँ जन्मदिनको अवसरमा गौरीसँगको सम्बन्धलाई सञ्चारमाध्यमका अगाडि स्विकारेका थिए । यो आमिर खानको तेस्रो विवाह हुने छ। आमिरले पहिलो विवाह सन् १९८६ मा फिल्म निर्माता रीना दत्तासँग गरेका थिए। सन् २००२ मा रीनासँग सम्बन्ध विच्छेद भएपछि आमिरले सन् २००५ मा निर्देशिका किरण रावसँग दोस्रो विवाह गरे। तर किरण र आमिरको यो सम्बन्ध पनि लामो समय टिकेन र सन् २०२१ मा उनीहरूको सम्बन्ध विच्छेद भयो । सञ्चारमाध्यमका अनुसार आमिर र गौरी विगत एक वर्षभन्दा बढी समयदेखि लिभ-इन पार्टनरका रूपमा सँगै बस्दै आएका छन्। पारिवारिक स्रोतका अनुसार उनीहरू सँगै एउटा सुखद र स्थिर जीवन बिताइरहेका छन् । अब दुवैले आफ्नो परिवारका सदस्यहरूको उपस्थितिमा यो सम्बन्धलाई कानुनी रूपमा अगाडि बढाउने निर्णय गरेका हुन् ।

# बजेटप्रति विज्ञहरूको मिश्रित प्रतिक्रिया, कार्यान्वयनमै मुख्य चुनौती

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ जेठ



सरकारले आगामी आर्थिक वर्षका लागि सार्वजनिक गरेको रु. २१ खर्ब २४ अर्ब ३४ करोड बराबरको बजेटप्रति अर्थशास्त्री, नीतिनिर्माता तथा उद्योग क्षेत्रका जानकारहरूले मिश्रित प्रतिक्रिया दिएका छन् ।

उनीहरूले बजेटमा लगानी, नवप्रवर्तन र डिजिटल रूपान्तरणलाई प्राथमिकता दिइएको पक्षलाई सकारात्मक भनेका छन्, तर यसको सफल कार्यान्वयनमा भने ठूलो चुनौती देखेका छन् । त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागअन्तर्गत इकोनोमिक्स स्टुडेन्ट्स सोसाइटी (इकोस) ले बुधबार आयोजना गरेको बजेटसम्बन्धी विशेष छलफलमा विज्ञहरूले आफ्ना धारणा राखेका हुन् । पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले बजेटले अर्थतन्त्रका केही संरचनागत समस्यालाई पहिचान गरे पनि उत्पादन तथा उद्यमशीलता प्रवर्द्धनका लागि अपेक्षित प्रोत्साहन गर्न नसकेको टिप्पणी गरे । सरकारले लगानी र उद्यमशीलता विस्तारको लक्ष्य राखे पनि २५ र २० प्रतिशत रहेको कम्पनी करको दरलाई क्रमश: २० र १५ प्रतिशतमा झारेको प्रति उनले प्रश्न उठाए । उच्चतम व्यक्तिगत आयकरको दर ३९ प्रतिशतबाट २९ प्रतिशतमा झारिएको व्यवस्थाले उपभोगमुखी वृद्धिलाई मात्रै टेवा पुग्ने भन्दै उनले रोजगारीमुखी आर्थिक रूपान्तरणका लागि साना, मझौला तथा घरेलु उद्योगको स्थापना र विस्तारलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

# एसियन गेम्स छनोट : मलेसियालाई हराउँदै नेपाल समूहविजेता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ जेठ



सिंगापुरमा भइरहेको एसियन गेम्स पुरुष क्रिकेट छनोटमा नेपालले लगातार दोस्रो जित हासिल गरेको छ।

बिहीबार भएको खेलमा नेपालले मलेसियामाथि १६७ रनको फराकिलो जित निकाल्दै समूह 'ए' को विजेता बनेको छ । नेपालले दिएको २७६ रनको विशाल लक्ष्य पछ्याएको मलेसियाले २० ओभरमा ९ विकेट गुमाएर १०८ रन मात्र बनायो। कप्तान सायद अजिजले सर्वाधिक ५४ रन बनाउनुबाहेक अन्य ब्याटरबाट उल्लेख्य प्रदर्शन हुन सकेन। शर्विन मुनियान्डीले १८ तथा मुहम्मद हाजिकले १३ रन बनाए। नेपालका लागि शेर मल्लले ४ ओभरमा १४ रन दिएर ३ विकेट लिए। सन्दीप लामिछाने, करण केसी, सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी र कुशल मल्लले १-१ विकेट लिए।

त्यसअघि ओपनिङ ब्याटर कुशल भुर्तेलको कीर्तिमानी शतक मद्दतमा नेपालले विशाल योगफल खडा गरेको थियो। टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ७ विकेट गुमाएर २७५ रन बनाएको थियो । भुर्तेलले ५४ बलमा १४ चौका र ८ छक्कासहित १२६ रन बनाए । अर्का ओपनर आसिफ शेखले २४ बलमा ६८ रन बनाए । टी-२०आईमा भुर्तेलले लगातार दोस्रो तथा करियरको तेस्रो शतक प्रहार गरेका हुन्।

भुर्तेलले यही प्रतियोगिताको पहिलो खेलमा चीनविरुद्ध ३५ बलमा शतक प्रहार गरेर ४३ बलमा १२९ रन बनाएर आउट भएका थिए।

# विज्ञहरूको पर्याप्त सुझावविना विधि विज्ञान प्रयोगशाला विधेयक अघि बढ्दैन: मन्त्री पोखरेल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ जेठ



शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक २०८१ लाई विज्ञहरूको पर्याप्त सुझावविना अगाडि बढाउन नसकिने बताएका छन् । बिहीबार सिंहदरबारमा आयोजित शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा उक्त विधेयकमाथिको छलफलमा सांसदहरूले राखेका जिज्ञासाको जवाफ दिने क्रममा उनले यस्तो धारणा राखेका हुन् ।

मन्त्री पोखरेलले यो विधेयकका सम्बन्धमा विज्ञहरूको पर्याप्त राय आवश्यक भएकाले त्यसका लागि उपयुक्त समय छुट्याएर छलफलको व्यवस्था गर्न संसदीय समितिलाई आग्रह गरे। उनले विधेयकको दफादफा अध्ययन गरेर त्यसलाई समृद्ध बनाउन सांसदहरूको ध्यानाकर्षण समेत गराए। उक्त विधेयकमा कुनै पनि कानुनी छिद्र नरहने गरी छलफल गरेर मात्रै अघि बढ्नुपर्ने मन्त्री पोखरेलको भनाइ थियो । संसदीय समितिमा आफ्नो धारणा राख्दै मन्त्री पोखरेलले भने, 'यो विधेयकको समितिमा दफावार छलफल हुन अझै बाँकी नै छ । त्यो दफावार छलफलमा माननीयज्यूहरूले यसमा के आवश्यक पर्छ, ती संशोधनहरू पनि अध्ययन गरेर आउनुहुन सबैलाई अनुरोध गर्दछु । दफावार छलफल हुने दिन एक्सपर्टहरू (विज्ञहरू) लाई पनि आमन्त्रण गरेर आफ्ना कुरा राख्ने व्यवस्था मिलाइदिन म समितिका सभापति र सचिवज्यूलाई आग्रह गर्दछु। उहाँहरूको कुरा सुनेर र उहाँहरूको विज्ञतालाई समेटेर मात्र यसलाई अगाडि बढाउनुपर्छ ।

# धेरै महँगो हुने भएकाले नेपालले धेरै फरेन्सिक ल्याब बनाउन सक्दैन : महावीर पुन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ जेठ



प्रतिनिधिसभा सदस्य एवं राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक महावीर पुनले ठूलो लगानी लाग्ने र अत्यन्तै महँगो हुने भएकाले नेपालले धेरै सङ्ख्यामा फरेन्सिक ल्याब (विधि विज्ञान प्रयोगशाला) बनाउन नसक्ने बताएका छन् ।

बिहीबार सङ्घीय संसद् प्रतिनिधि सभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विधेयक' माथिको छलफलमा भाग लिँदै उनले यस्तो धारणा राखेका हुन्। छलफलका क्रममा अन्य सांसदहरूले प्रत्येक प्रदेशमा फरेन्सिक ल्याबहरू स्थापना गर्नुपर्ने आवश्यकता औँल्याएपछि पूर्वशिक्षामन्त्री समेत रहेका सांसद पुनले यस्ता प्रयोगशालाका लागि आवश्यक पर्ने उपकरणहरू धेरै महँगो हुने भएकाले प्रदेश प्रदेशमा ल्याब राख्ने कुरा नेपालको आर्थिक क्षमताले नभ्याउने स्पष्ट पारे ।

फरेन्सिक ल्याबले अन्तर्राष्ट्रिय स्तरको आईएसओ मान्यता प्राप्त गर्नुपर्ने र त्यसका लागि ठूलो साधन स्रोत चाहिने उनको भनाइ थियो । सांसद पुनले नेपालमा अन्तर्राष्ट्रिय मापदण्डको एउटा मात्र डिपिसी ल्याब बनाउने र यहाँ सम्भव नभएका जटिल खालका चेकजाँचको काम पहिले जस्तै विदेशमै लगेर गर्नुपर्ने बाध्यतालाई स्विकार्नुपर्ने बताए ।

कोरोना महामारीको सुरुवातमा नेपालमा परीक्षणको सुविधा नहुँदा नमुनाहरू हङकङलगायतका देशमा पठाइएको उदाहरण दिँदै उनले जटिल फरेन्सिक जाँचका लागि विदेशी मुलुकहरूमा पठाउने कार्यलाई नै निरन्तरता दिनु उपयुक्त हुने धारणा राखे ।

# नयाँ बजेटमा कृषि : स्थानीय सरकारको असहमति र सुझाव

-सरकारले आगामी आर्थिक वर्षको बजेटमा कृषि क्षेत्रको बजेट करिब साढे १० अर्ब रुपैयाँले कटौती गरेको छ । स्याङ्जाको फेदिखोला गाउँपालिकाका अध्यक्ष सुवेदीले कृषि बिजुलीमा लगाइएको अतिरिक्त कर तत्काल खारेज गर्न सरकारसँग माग गरेका छन् ।
कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि विनियोजित ४६ अर्ब ९२ करोड रुपैयाँमध्ये ठूलो हिस्सा रासायनिक मल आयातमा मात्रै खर्च हुने देखिन्छ । नेपाल अझै पनि कृषिप्रधान देश हो । कृषिप्रधान भएको देशमा कृषिलाई पहिलो प्राथमिकता दिनुपर्थ्यो । नेपालमा धेरै दलले सरकार बनाए । किसान र मजदुरको पार्टी भनेर चिनिने दलले सरकारभन्दा बाहिर बस्दा एउटा कुरा गर्ने र सरकारमा गएपछि अर्को कुरा गर्ने गर्दै आए । तर, कृषि क्षेत्रका सुधारका लागि भने कसैले जोड दिएनन् । सरकारमा बसेका राजनीतिक पार्टीले सरकारमा हुँदा पनि कृषि क्षेत्रको अवस्था सुधार गर्न भने कहिल्यै अगाडि सरेनन् ।

रासायनिक मलले देशको खेतीयोग्य जमिन अम्लियपन भएर कृषि उत्पादन घट्दो छ । तर, त्यही रासायनिक मलमै भुलेर नेपालको पशुपालन गर्न छाड्ने नेपालको माटो बिगार्दै उत्पादन घटाउने विदेशी खाद्यवस्तु खरिद गरी ल्याउने, उद्योगधन्दा विकास गर्न स्वदेशी उत्पादन बेवास्ता गर्ने, विदेशी उत्पादन नेपाल ल्याउने व्यापारीलाई व्यापार गर्न सहज वातावरण खडा गरिदिने जस्ता काम गर्न छाडेनन् । कृषि क्षेत्रकै कुरा गर्ने हो भने पनि नेपाली उद्यमीलाई निरुत्साहित गरिरहने । दलाल र नोकरशाही प्रकारका पूाजीपतिहरूलाई प्रोत्साहन दिइरहने । स्वदेशी उद्योग र व्यापार कमजोर बनाउने । विदेशी वस्तु भित्र्याउन अनेक प्रपञ्च रचेर उद्यमीलाई निरुत्साहित बनाउने जस्ता कार्य कृषि क्षेत्रमा भइरहेका छन् । त्यतिमात्र होइन, नेपालको हावापानी विश्वकै राम्रो हावापानी मानिन्छ । तर, केही दशकदेखि कृषि उत्पादन बढाउने नाममा खर्बौंको रासायनिक विषादी र विदेशी बिउबिजन भित्र्याउँदा नेपालको खाद्य सम्प्रभुतामा ठूलो घात भएको छ । खाद्य सम्प्रभुता कार्यान्वयन खिलाफमा नेपालको बजेट आएको छ ।

कृषिको क्षेत्र विशाल छ । अरू देशले विदेशमा समेत व्यापार गर्न सक्छन् भने नेपालले किन सक्दैन ? नेपालको चिया, कफी, अलैँची लगायत केही सीमित उत्पादन बाहेक विदेशमा नेपालको उत्पादन पुग्दैन । अथाह सम्भावना हुँदाहुँदै कृषिमा केही नदेखेर १० अर्ब कम गरेर बजेट घटाएको हो कि भन्ने भान आज पर्न गएको छ । सरकारले कृषि बजेट आकार ठूलो बनाउँदा केही फरक पर्दैन । नपुग भएको स्थानान्तरण गर्न सकिन्छ । तर, थोरै भयो भने कहाँबाट ल्याउने कसरी पूरा गर्ने भन्ने हुन्छ । बजेट बढी भयो भने अन्य शीर्षकमा रकमान्तर गर्न सकिन्छ । बढी हुँदा केही फरक पर्दैन । बजेटको आकार सानो भयो भने छुट्याएको बजेटको घेराभित्र रहेर काम गर्नुपर्छ । अरू बजेटको विषयभन्दा पनि कृषिमा छुट्याउने बजेटको आधार ठूलो बनाउन जरुरी छ । विदेशी धूलो दूध ल्याएर उपभोक्तालाई घोलेर खुवाउने र बिचौलियाको काम गर्ने सीमित पूँजीपति व्यापारी घरानालाई खुसी पार्ने काम बजेटको रूपरेखा बन्न लागेको हो कि भन्ने आभास भएको छ । आफ्नो पार्टीका सरकार सत्तामा हुँदा र सत्ता बाहिर आएपछि रङ बदल्ने प्रवृत्ति कृषिमा हुनु हुँदैन । कृषि भनेको सबैको सास धान्ने र आशा जगाउने माध्यम हो ।

एकछिन पनि कोही भोको बस्न सक्दैन । सरकारले आयात प्रतिस्थापन गर्न स्वदेशी उत्पादन बढाउनैपर्छ । हाम्रो देशमा सबैभन्दा बढी सम्भावना बोकेको क्षेत्र भनेको कृषि नै हो । अर्बौंको खाद्यवस्तु आयात भइरहेको अवस्थामा प्रतिस्थापन गर्न पनि त्यति नै बराबरको उत्पादन स्वदेशमा गर्नैपर्छ । अनिमात्र प्रतिस्थापन भयो भनेर बुझिन्छ । नेपालको अर्थ विज्ञ भनेर चिनिएका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले कृषि क्षेत्रको बजेट के आधार देखेर घटाउनुभयो ? थाहा छैन । तर, हिजोको परम्परा हेर्दा पनि नेपाल सरकारले गत आर्थिक वर्षको बजेटभन्दा अझ बढाउनुपर्ने हो । घटाएर आएको छ । यसमा सरकारले कृषि बजेट घढाउने गरी सच्याउनुपर्छ । नेपालको कृषिलाई कसैले पनि प्राथमिकता दिएको देखिँदैन । नेपाल सरकारका तर्फबाट हालै संघीय संसद्मा प्रस्तुत आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यप्रति स्थानीय सरकारहरू गम्भीर भएको देखिन्छ । देशको कुल गार्हस्थ उत्पादन (

“

कृषि भनेको सबैको सास धान्ने र आशा जगाउने माध्यम हो, एकछिन पनि कोही भोको बस्न सक्दैन ।

घनश्याम सुवेदी



जीडीपी) मा २५ प्रतिशतभन्दा बढी योगदान दिने र ६० प्रतिशतभन्दा बढी जनसंख्या आश्रित रहेको कृषि क्षेत्रका लागि वर्तमान बजेटमा सम्बोधन नहुने स्थिति आउनु कृषिलाई गम्भीर धक्का पुग्नु हो । कृषि क्षेत्रको बजेटलाई उपेक्षा गरेर उत्पादनका स्रोत संकुचित गर्न खोजेको देखिन्छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि विनियोजित कुल ४६ अर्ब ९२ करोडको अंक बाहिरबाट हेर्दा ठूलो देखिए पनि यसको भित्री वित्तीय यथार्थ र प्राथमिकताले मुलुकको कृषि रूपान्तरण र आत्मनिर्भरताको नारालाई नै असफल बनाउने निश्चित छ ।

वर्तमान कृषि बजेटमा स्थानीय सरकारको गम्भीर असहमति र विश्लेषण: कृषि बजेटमा चरम संकुचन र संघीयताको मर्म विपरीत: गत आवको तुलनामा कृषि बजेट करिब साढे १० अर्ब रुपैयाँले कटौती गरिएको छ । संविधानले कृषि प्रसार र स्थानीय कृषिको पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई सुम्पिएको छ । तर, संघीय सरकारले स्थानीय तहमा जाने कृषिको ससर्त, समपूरक र विशेष बजेटमा व्यापक कटौती गरी बजेटलाई केन्द्रमै थुपारेको छ । ०.३ प्रतिशत बजेटले कृषि क्रान्तिको गफ: कुल कृषि बजेटको सिंहभाग अर्थात् ३२ अर्ब ४६ करोड रासायनिक मल आयातमा मात्रै खर्च गर्न सकिन्छ । यसमा मन्त्रालयको प्रशासनिक खर्चसमेत जोड्दा कुल बजेटको करिब १.९ प्रतिशत हिस्सा खर्च भइसक्छ । वास्तविक उत्पादन वृद्धि, आधुनिक प्रविधि र साना किसानलाई प्रोत्साहन गर्न जम्मा ०.३ प्रतिशतमात्र बजेट बाँकी रहन्छ । यति न्यून रकमले कृषि रूपान्तरण र आर्थिक वृद्धिमा सहयोग पुग्दैन । सहकारीको पूँजी परिचालनमा नीतिगत शून्यता: गाउँ-गाउँमा छरिएर रहेको र सोझै किसानहरूसँग जोडिएको सहकारी क्षेत्रको अर्बौंको पूँजीलाई कृषि उत्पादन, संकलन र प्रशोधनमा जोड्ने कुनै पनि स्पष्ट योजना वा ठोस प्रस्ताव यस बजेटमा देखिँदैन । सहकारीलाई उपेक्षा गरेर कृषिमा समृद्धि असम्भव छ ।

कृषि बिजुलीमा भ्याट, साना किसानलाई ठूलो घात: तराई तथा भित्री मधेसका साना र सीमान्तकृत किसानहरू सिँचाइका लागि पूर्णरूपमा विद्युत् मोटरमा निर्भर छन् । यो बजेटले कृषि मिटर र कृषि क्षेत्रमा प्रयोग हुने विद्युत्मा थप भ्याट (मूल्य अभिवृद्धि कर) वा करको दायरा बढाएर लागत महँगो बनाइदिएको छ । यसले लागत घटाइ आयात प्रतिस्थापन गर्ने सरकारी नीतिकै उपहास गरेको छ र किसानलाई आहत दिएको छ । गलत अनुदान मोडेल: न्यूनतम २ करोड लगानी गर्ने ठूला व्यापारिक घरानालाई ४० प्रतिशतसम्म अनुदान दिने नीति ल्याएर बजेटले वास्तविक र साना किसानलाई पाखा लगाउन खोजेको देखिन्छ, जसले गाउँका युवाहरूलाई थप निरुत्साहित गरी खाडी मुलुक पलायन हुन बाध्य पार्ने छ । संघीय सरकारलाई स्थानीय सरकारका बुँदागत सुझाव: संघीय बजेटका यी नीतिगत र व्यावहारिक त्रुटि सच्याउँदै कृषिमार्फत देशभित्रै सम्मानजनक रोजगारी सिर्जना गर्न र राष्ट्रिय अर्थतन्त्र बलियो बनाउन संसद्बाट बजेट पारित हुनु अगावै निम्नलिखित माग र सुझाव सम्बोधन गरिनुपर्दछ । कृषि विद्युतमा थपिएको कर तत्काल हटाइनुपर्छ: तराई तथा देशैभरिका साना किसानले सिँचाइका लागि प्रयोग गर्ने कृषि मिटरको महसुलमा लगाइएको थप भ्याट वा कर तत्काल खारेज गरी कृषि बिजुली पूर्णरूपमा निःशुल्क वा अत्यधिक सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था गर्न सकेन भने अन्न भण्डार तराई मरुभूमिमा परिणत हुने सम्भावना नकार्न सकिँदैन । त्यसकारण किसानलाई मर्का पर्ने करहरू तत्काल खारेज गर्न आवश्यक छ । उत्पादनमा आधारित अनुदान आजको आवश्यकता हो । किसानले उत्पादन गरेपछि खाएर बाँकी रहेको कृषि उपज बेच्न मन लाग्यो भने बेच्न पाउने अधिकार सहित व्यवस्था हुनुपर्छ । यदि त्यसो गर्न सकिएन भने किसान किन धेरै दुःख गर्ने भन्ने अवस्थामा पुग्न सक्छन् र सोही कारण नेपाली जनता भोकभोकै रहने अवस्था आउन सक्छ । आजसम्म धेरै अनुदान पारदर्शी र बिचौलिया रहित बन्न सकेन, त्यसकारण पनि नेपालको कृषिले गति नलिएको हो । उत्पादनको परिमाण (जस्तैः प्रतिकिलो धान, गहुँ, तरकारी वा प्रतिलिटर दूध) का आधारमा सिधै किसानको बैंक खातामा पुग्ने गरी ‘उत्पादनमा आधारित अनुदान’ अनिवार्य लागु गर्न सकियो भने देशको उत्पादन बढ्छ तर कडाइसाथ अनुगमन जरुरी छ । सहकारीको पूँजी उत्पादनमा जोड्ने कार्यविधिमा सरकारको सहयोग जरुरी छ । ‘एक सहकारी, एक उत्पादन क्षेत्र’ नीति लागु गर्दै स्थानीय कृषि सहकारीलाई साना कृषि औजार, शीतभण्डार र बिउबिजन खरिदमा विनाब्याज वा न्यून ब्याजमा वित्तीय ऋण र पूँजीगत अनुदान दिने स्पष्ट योजना आउनुपर्छ । किसानले मूल्य नपाउने तर उपभोक्ताले महँगोमा खानुपर्ने विकृति रोक्न संघीय सरकारले ‘डिजिटल कृषि बजार नेटवर्क’' निर्माण गर्न स्थानीय तहको संकलन केन्द्रदेखि राष्ट्रिय बजारसम्म कृषि उपज पुऱ्याउन र भण्डारण गरिराख्न शीतभण्डार सबैभन्दा ठूलो आवश्यकताको महसुस गराएको छ । शीत भण्डार अभावमा नेपालको कृषि उत्पादनलाई लामो समयसम्म राख्न नपाउँदा लागत मूल्य पाउन नसकिएको अवस्था छ ।

**साभार : अनलाइन खबर ।**







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday